# गौरादह नगरपालिकाको विनियोजन ऐन, २०८०

सभाबाट पेश गरिएको मिति:- २०७९\०३\१०
सभाबाट पारित भएको मिति:- २०८०\०३\२३

**प्रस्तावनाः** गौरादह नगरपालिकाको आर्थिक बर्ष २०८०\०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम १२ औ नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " गौरादह नगरपालिकाको विनियोजन ऐन, २०८० रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८०\८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८०\८१ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.७९ करोड ९२ लाख ६७ हजार (अक्षेरुपी उनासी करोड बयानब्बे लाख सतसठ्ठी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ। बार्षिक बजेट तथा कार्यक्रममा रकम थप घट भएमा सो अनुसार गरिएको विनयिजन तथा खर्च यसै ऐन अनुसार भएको मानीनेछ खर्च

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०\८१ को निमित्त गौरादह नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम रकमान्तर गर्न सक्नेछ।

यसरी रकमान्तर गर्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकमान्तर तथा निकासा र खर्च जनाउन सकिनेछ।

पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षकतर्फ रकमान्तर र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकमान्तर गर्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूची–१**

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| शिर्षकको नाम | चालु खर्च | | पूँजिगत खर्च | वित्तिय व्यवस्था | | जम्मा |
|---|---|---|---|---|---|---|
| नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय र बिषयगत शाखा समेत को खर्च | कार्यालय संचालन तथा प्रशासिनक खर्च | कार्यक्रम खर्च | | ऋणको सावा व्याज भुक्तानी | लगानी शेयर \ ऋण | |
| कूल बजेट रकम | ११३७३८०० | ३६७६४५१८७ | ३१७८८३८१३ | ०.० | ०.० | ७९९२६७००० |
| प्रतिशत | १४.२३ | ४६.० | ४९.७७ | ० | ० | १००. |